# माप्य दुधकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खास्ताप, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

सूचना नं : ०८ /२०८३/८४

## राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८३ सञ्चालन सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०८३/०६/१९)**

**यस माप्य दुधकोशी गाउँपालिका माध्यमिक विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८३ मिति २०८३/०५/३१ गतेको कार्यापालिका बैठकको निर्णय अनुसार मिति २०८३/०८/१८ गते देखि गाउँपालिका रंगशाला (कोर्कु) मा सञ्चालन हुने भएकाले देहायका शर्तहरु पालना गर्ने गरी यस गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण माध्यमिक विद्यालयहरुलाई प्रतियोगितामा सहभागिताका लागि यो सूचना प्रकाशन गरिएको छ ।**

१. प्रतियोगितामा सहभागीहरु १८ वर्ष भन्दा मुनि कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत छात्र/छात्रा हुनुपर्नेछ ।

२. प्रतियोगितामा सहभागीहरुले अनिवार्य जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. प्रतियोगितामा भाग लिने प्रत्येक खेलाडीले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका २०७० (संशोधन सहित) को अनुसुचि १ बमोजिमको फारम सम्बन्धित विद्यालयको प्र.अ. लाई प्रमाणित गराई यस कार्यालयमा पेश गर्नुपर्नेछ र प्र.अ. ले प्रमाणित गरेको विवरण सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्र.अ. स्वयम जिम्मेवार हुनुपर्नेछ ।

४. प्रतियोगितामा सहभागी खेलाडीको पोसाक, विद्यालयको झण्डा र प्रतियोगितामा सहभागी खेलाडीहरुको यातायात, खाना, बास लगायतका अन्य सम्पुर्ण खर्च सम्बन्धित विद्यालय आफैले व्यवस्था गर्नुपर्नेछ ।

५. एक जना खेलाडीले एथलेटिक्स तर्फ एक ट्र्याक दुई फिल्ड वा एक फिल्ड दुई ट्र्याकमा तथा मार्सल आर्ट तर्फ कराते र तेक्वान्दोको एक विधामा मात्र सहभागी हुन पाइनेछ । एथलेटिक्स तर्फ १५०० मिटर र ३००० मिटरको दौडमा एक विद्यालयबाट बढीमा छात्र/छात्रा २/२ जना सहभागी हुन सक्नेछन र अन्य एथलेटिक्सका सबै विधामा एक विद्यालयबाट छात्र/छात्रा १/१ जना मात्र सहभागी हुन पाउनेछन ।

६. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका- २०७०(संशोधन) अनुसूची ४ बमोजिमका (उसु बाहेक) सबै खेलका इभेन्टहरु हुनेछन ।

७. **पुरस्कारहरु :** प्रथम, द्वितिय,तृतिय हुने विद्यालयलाई ट्रफी, मेडल र प्रमाण पत्रको साथमा क्रमश नियमानुसार नगद रकम तथा सम्पूर्ण विजेता खेलाडीहरुलाई मेडल र प्रमाणपत्र प्रदान गरिने छ ।

**खेलाडी दर्ता :** मिति : २०८३/०६/१७ गते ( खेलाडीको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिप र सहभागी फाराम प्र.अ.ले प्रमाणित गरी अनिवार्य पेश गर्नुपर्ने छ ।

८. **टिम दर्ता स्थान** : माप्य दुधकोशी गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा,युवा तथा खेलकुद शाखा ।

***थप जानकारीका लागि सम्पर्क :***

गौरव राई (उपाध्यक्ष) ९८४२९२२७६७ गजेन्द्र भट्टराई ९८४९५१७९३३ र नवराज राई ९८६२९५२९१०

***नोट : राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका क्रममा खेलाडीहरु घाइते भएमा वा अन्य कुनै प्रकारको नोक्सानि भएमा वा कुनै अप्रिय घटना भएमा आयोजक जिम्मेवार हुने छैन ।***

२०८३/०६/१९

(कृष्ण पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**